विशेष अदालत
काठमाण्डौं
२०५९

# प्रेस विज्ञप्ति

विशेष अदालतबाट आज मिति २०८० साल असोज १८ गते दिउसो २:०० बजे विशेष अदालतका माननीय न्यायाधीश तथा सेवाग्राहीका बिचमा भेटघाट (MEET THE JUDGE) कार्यक्रम सम्पन्न भएको छ। यस अदालतको वार्षिक कार्ययोजनाबमोजिम सेवाग्राही र न्यायाधीशका बिचमा भेटघाट तथा अन्तरक्रिया भएको हो।

कार्यक्रममा सेवाग्राहीहरू ओमनारायण झा, सन्तोष कुमार यादव, कमल शाही, हिरानन्द देवकोटा, होमनाथ लम्साल र भरत बहादुर बस्नेतलगायतले विशेष अदालतबाट प्रवाह भएको सेवा अत्यन्तै प्रभावकारी रहेको र आगामी दिनमा थप प्रभावकारी बनाउन तथा पक्षको सहजताको लागि इजलास विस्तार हुनुपर्ने कुरामा जोड दिनुभयो। यहाँहरूले दुर्गम क्षेत्रका मुद्दालाई प्राथमिकता दिई सुनुवाई गरिदिनसमेत आग्रह गर्नुभयो।

विशेष अदालतका माननीय न्यायाधीशहरू, रजिस्ट्रार, उपरजिस्ट्रार, मुद्दा शाखाका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरू समेतको सहभागितामा भएको उक्त कार्यक्रममा विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले सेवाग्राहीले राखेका जिज्ञासाको जवाफ दिनुहुँदै सेवा प्रवाहमा सेवाग्राहीका सुझावसमेतलाई सुधारको मार्गचित्रमा राख्न सकिने बताउँदै न्यायमा पहुँच स्थापित गराउन विशेष अदालत लागि रहेको बताउनुभयो। विशेष अदालतबाट प्रदान गरिने सेवा प्रवाहमा कुनै समस्या भएमा लिखित वा मौखिक रुपमा समेत गुनासाहरू राख्न सकिने र गुनासाहरू सम्बोधन गरिने बताउनु भयो। अदालतका काम कारवाहीलाई थप प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाउन सेवाग्राहीको महत्वपूर्ण भूमिका रहने कुरा उल्लेख गर्दै सहभागिता र सुझावका लागि सेवाग्राहीलाई धन्यवाद ज्ञापन गर्नुभयो।

मितिः २०८०।०६।१८

२०८०।६।१८

धनबहादुर कार्की
उपरजिस्ट्रार/सूचना अधिकारी


मिति : २०८०।०६।१८
PREMIUM
SOON
NESCAFE
SPECIAL COURT


बि.अ.जि.स्वा.पा.नं.-११८/६ ०७८/७९
NESCAFE
SOON


काठमाडौं
(MEET THE JUDGE


NY
SPECIAL COURT, KATHMANDU, VISITOR'S PASS
SOON
NESCAFE
SPECIAL COURT, KATHMANDU
SPECIAL COURT


SOON
passion
PREMIUM






विशेष अदालत
काठमाडौं ।
न्यायाधीशसँग सेवाग्राही भेटघाट
(MEET THE JUDGE) कार्यक्रम
मिति : २०८०।०६।१८